झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मच्छी, प्यूठान
सूचना नं.खरिद :०३/०७५/०७६
दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।९।२३**

यस गाँउपालिका अन्तंगतका फोहोरमैला संकलन तथा विसर्जनको लागि चालु आ.व. २०७५/०७६ को लागि दरभाउपत्रवाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माण कम्पनी, फर्म वा सप्लायर्सहरुवाट देहायको शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिएको छ ।

**शर्तहरु**

१) दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, नविकरण सहितको सवारी विल वुकको प्रतिलिपि, सवारी चालक लाइसेन्सको प्रमाणित प्रतिलिपि, प्रोपाइटर स्वंयम उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीनामा संलग्न राखी लिखित निवेदन पेश गरी रु १०००। राजश्व दस्तुर (फिर्ता नहुने गरी बुझाई यस झिमरुक गाउँ कार्यपालिकाको कार्यालय, मच्छी, प्यूठानवाट खरिद गर्न सकिनेछ ।

२) खरिद गरिएको दरभाउपत्र फाराम, सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० वजेभित्र यस गाउँपालिकाको नाममा सम्वोधन गरी शिलवन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी शिलवन्दी लाहाछाप लगाई खामको वाहिर कामको विवरण, खरिद सूचना नं. समेत उल्लेख गरी यस गाउँपालिका कार्यालयमा तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दररेट अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै पेन्सिलले लेखेको, टिपेक्स लगाई लेखेको ठाउँमा दायाँ वायाँ हस्ताक्षर नगरेकोलाई मान्यता दिइने छैन ।

४) फोहोर व्यवस्थापनको अवधि सम्झौताको मितिदेखि २०७६ असार मसान्तसम्म हुने छ ।

५) संकलन भएको फोहोर झिमरुक गाउँपालिका वडा नं.३ स्थित वाँदिखोलामा पुर्याई कुहिने र नकुहिने फोहोर छुट्टा छुटै खाडलमा विर्सजन गर्नु पर्ने छ ।

६) फोहोर संकलनको काम प्रत्येक हप्ताको विहिवार वा शुक्रवार गर्नु पर्नेछ ।

७) दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसायी सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको कागजात शिलवन्दी दरभाउपत्र फारामसाथ पेश गर्नु पर्नेछ ।

८)म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

९)पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ । दरभाउपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यालयमा आई बुझ्न सकिने छ ।

१०) दरभाउपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ । एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरिनेछ ।

११) शिलबन्दी दरभाउपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा उल्लिखित नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछ ।

तपसिल

| क्र.सं. | सूचना नं. | कामको विवरण | स्थानहरु | दरभाउपत्रको दस्तुर | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४/०७५-०७६ | फोहोरमैला संकलन तथा विसर्जन | झिमरुक गा.पा. १ सौतामारे फेदी ,<br>झिमरुक गा.पा.३ आहालखोला नव्वे,<br>झिमरुक गा.पा.४ वाँगेफेदी वजार,<br>झिमरुक गा.पा. ५ तिल्हाल्ना, मच्छी, ढाँड वजार<br>झिमरुक गा.पा. ६ कटिचौर देखि अर्घेली | १,०००। | २,१३,३९९.१० | |

झक वहादुर दसौदी
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत